# विपद् व्यवस्थापन कोष संचालन कार्यविधि, २०७७

गाउँ कार्यपालिकाबाट पारित मिति : २०७७।०५।१०

**प्रस्तावना :**

माङसेबुङ गाउँपालिका क्षेत्रमा हुन सक्ने सम्भावित विपद्को रोकथाम, हुन सक्ने क्षतिलाई न्यूनिकरण गर्न तथा भएका सबै खाले बिपद्को तत्काल व्यबस्थापन गर्न तथा राहत उपलब्ध गराउँदै पुनः स्थापना गर्न आवश्यक हुन्छ । विपद् परिस्थितिजन्य आपतकालीन अवस्था भएकाले धनजनको क्षति, भौतिक संरचनाको विनाश जस्तो परिणामहरु देखा पर्दछन । गाउँपालिका क्षेत्रमा हुने प्राकृतिक तथा गैर प्राकृतिक विपद् परिस्थितिमा हुन सक्ने जोखिम न्यूनिकरण तथा आपतकालिन राहत वितरण तथा व्यवस्थापन गर्न स्थापना भएको विपद् व्यबस्थापन कोषको संचालन सम्बन्धि कार्यविधि बनाउन बाञ्छनीय भएकोले,

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ उपदफा (७) ले दिएको अधिकार प्रयोग गरी गाउँ कार्यपालिकाले यो कार्यविधि बनाएको छ ।

## परिच्छेद - १
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यो कार्यविधिको नाम **विपद् व्यवस्थापन कोष संचालन कार्यविधि, २०७७** रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा** : बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(१) **अध्यक्ष** भन्नाले माङसेबुङ गाउँपालिकाको अध्यक्षलाई संझनु पर्दछ ।

(२) **उपाध्यक्ष** भन्नाले माङसेबुङ गाउँपालिकाको उपाध्यक्षलाई संझनु पर्दछ ।

(३) **प्रमुख प्रशासकिय अधिकृत** भन्नाले माङसेबुङ गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई संझनु पर्दछ ।

(४) **वडा अध्यक्ष** भन्नाले भन्नाले माङसेबुङ गाउँपालिकाको वडा अध्यक्षहरुलाई संझनु पर्दछ ।

(५) **कार्यविधि** भन्नाले माङसेबुङ गाउँ कार्यपालिकाले आफ्नो गाउँपालिकाभित्र बिपद व्यवस्थापन तथा राहत कोष संचालनको लागि तयार गरेका विपद् व्यवस्थापन कोष संचालन कार्यविधि, २०७७ लाई बुझ्नुपदर्छ ।

(६) **समिति** भन्नाले विपद् व्यवस्थापन कोष संचालन समिति सम्झनु पर्छ ।

(७) **विपद्** भन्नाले प्राकृतिक तथा मानवीय विपद्लाई सम्झनु पर्दछ ।

## परिच्छेद - २
## कोषको स्थापना, उदेश्य र प्रयोग

३. **कोषको स्थापना** : (१) स्थानीय स्तरमा उत्पन्न भएको वा हुनसक्ने विपद्को जोखिम न्यूनिकरण तथा व्यबस्थापन सम्बन्धी कार्य गाउँ स्तरबाटै सञ्चालन गर्नका लागि आवश्यक स्रोत संकलन र परचिालन गर्न गाउँपालिकामा एक विपद् व्यबस्थापन कोष रहनेछ ।

(२) कोषको आय रकम संकलन तथा व्यय रकम परिचालनका लागि गाउँपालिकाको सञ्चित कोष रहेको बैंकमा एउटा छुट्टै खाता खोलिनेछ ।

(३) कोषको कुल आम्दानीले यस कार्यविधिको दफा १२ (क) बमोजिम कोषमा जम्मा हुने गरी प्राप्त भएको रकम तथा वस्तुगत सहायता सामाग्रीको प्रचलित मूल्य समेतलाई जनाउनेछ ।

तर वस्तुगत सहायता सामाग्रीको प्रचलित मुल्यलाई बैंक हिसाबमा समावेश गरिने छैन ।

(४) यस कार्यविधि बमोजिम कोषको नाममा प्राप्त हुन आउने वस्तुगत सहायता सामाग्रीको छुट्टै अभिलेख राखिनेछ ।

४. **उद्देश्य** : (१) स्थानीय स्तरमा हुन सक्ने सम्भाव्य विपद्को जोखिम न्यूनिकरण तथा विपद्को व्यबस्थापनका लागि आर्थिक तथा वस्तुगत सहायता परिचालन गर्नु कोषको उदेश्य रहनेछ ।

(२) कोषले देहायको क्षेत्रमा काम गर्ने छ :

(क) विपद्को घटनाबाट प्रभावित व्यक्तिहरुलाई स्थानीय स्तरमा तुरुन्त खोज, उद्धार र राहत सेवा उपलब्ध गराउने ।

(ख) विपद् पर्दा तत्काल स्थानीय स्तरमा सामना गर्न सक्ने अवस्था सिर्जना गर्ने ।

(ग) विपद् जोखिम न्यूनिकरण, पुर्व तयारी, प्रतिकार्य र पुनर्लाभ कार्यलाई सहज गर्ने ।

५. **लक्ष्य**

सबै खाले प्रकोप तथा बिपदबाट हुने घटनालाई तत्काल सम्बोधन गर्दै पुनस्थापना गर्ने र सम्भावित विपद्बाट बाच्न  पूर्ब तयारी गर्दै विपद्लाई न्यूनिकरण गर्ने कोषको लक्ष्य रहेको छ ।

६. **नीति** :

(१) विपद् बाट पिडितलाई तत्काल उद्धार गर्ने र राहत सहयोग उपलब्ध गराउने ।

(२) विपद् जोखिम व्यवस्थापन गर्न गाउपालिका स्तरीय योजना तर्जुमा गरी सबै योजना तथा कार्यक्रमहरुको आचार संहिता बमोजिम गर्ने गराउने ।

७. **कोषको प्रयोग** : (१) कोषमा जम्मा भएको रकम खर्च गर्न तथा विपद् व्यबस्थापनका लागि प्राप्त वस्तुगत सहायता सामाग्री खर्च निकासा गर्न समितिले निर्णय गर्नुपर्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि तत्काल विपद् प्रतिकार्य गर्नु पर्ने अवस्था रहेको तर समितिको बैठक बस्न सक्ने अवस्था नरहेमा तत् पश्चात लगतै बस्ने समितिको बैठकबाट अनुमोदन गराउने गरी अध्यक्षको निर्णयबाट एक पटकमा बढीमा दश हजार रुपैंयासम्मको रकम खर्च गर्न बाधा पुग्ने छैन ।

(३) कोषमा जम्मा भएको रकम तथा सामाग्री देहाय बमोजिमको कार्यमा खर्च गरिनेछ :

(क) विपद्बाट प्रभावित भएको वा हुन सक्ने व्यक्ति वा समुदायको तत्काल खोजी, उद्धार तथा सम्पतिको संरक्षण गर्न,

(ख) विपद् प्रभावित तत्कालिन राहतका लागि आवश्यक पर्ने खाद्यान्न, खानेपानी, लत्ता कपडा, औषधी जस्ता बस्तुहरु खरिद गरी उपलब्ध गराउन तथा तत् सम्बन्धी अन्य आवश्यक कार्य गर्न,

(ग) विपद्का कारण स्थायी बसोबास स्थल गुमाएका व्यक्तिहरुका लागि अस्थायी शिविर वा आश्रयस्थल बनाउन तथा पुनर्स्थापना गर्न,

(घ) विपद्का कारण घाइते वा बिरामी भएका व्यक्तिको औषधोपचार गर्न

(ङ) विपद्को कारण मृत्यु भएका व्यक्तिको काजक्रिया वा सदगतका लागि निजको परिवारलाई सहायता उपलब्ध गराउन,

(च) विपद्का कारण सम्पतिको क्षति हुने व्यक्तिलाई राहत उपलब्ध गराउन,

(छ) खोज, उद्धार तथा प्राथमिक उपचारका लागि स्वयम् सेवक तथा बिशेषज्ञको परिचालन तथा सामाग्री खरीद तथा भण्डारण गर्न,

(ज) खोज, उद्धार र राहतको लागि तत्काल यातायात सुचारु गर्न,

(झ) विपद्मा परेको व्यक्ति, परिवार तथा समुदायलाई आर्थिक सहायता उपलब्ध गराउन,

(ञ) समितिले तोके बमोजिमको विपद् व्यबस्थापन सम्बन्धि अन्य काम गर्न, गराउन ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि नियमित रुपम गरिने विकास निर्माण सम्बन्धि कार्यलाई विपद् व्यबस्थापनसँग आबद्ध गराएर कोषबाट कुनै पनि किसिमको खर्च गर्न पाईने छैन ।

८. **कोषको रकम प्रयोग गर्न नपाइने :** (१) कोषमा जम्मा भएको रकम देहायको प्रयोजनका लागि प्रयोग गर्न पाइने छैन :

(क) नियमित प्रशासनीक कार्यको लागि खर्च गर्न,

(ख) सरकारी वा गैर सरकारी पदाधिारी वा कर्मचारीलाई तलब, भत्ता वा अन्य सुबिधा उपलब्ध गराउन,

(ग) विपद् व्यबस्थापन बाहेक अन्य प्रयोजनका लागि दिइने आर्थिक सहायता बाहेक अन्य कुनै पनि किसिमको चन्दा, पुरस्कार, उपहार वा आर्थिक सहायता उपलब्ध गराउन,

(घ) कुनै किसिमको गोष्ठि, अन्तरक्रिया वा सभा सम्मेलन गर्न, गराउन

## परिच्छेद - ३
## विपद व्यबस्थापन कोष संचालन समिति

९. **विपद् व्यवस्थापन कोष संचालन समिति :** (१) विपद् सम्बन्धि राहत वितरण, खोज, उद्धार, विपद् व्यबस्थापन कोष संचालन लगायत विपद्का सम्पुर्ण बिषयमा निर्णय गर्न गाउँपालिका स्तरीय देहाय बमोजिमको एक विपद व्यवस्थापन कोष संचालन समिति गठन हुनेछ :

| | |
|---|---|
| (क) गाउँपालिका अध्यक्ष | **-अध्यक्ष** |
| (ख) प्रमुख प्रशासकिय अधिकृत | **-सदस्य** |
| (ग) आर्थिक विकास समिति संयोजक | **-सदस्य** |
| (घ) आर्थिक प्रशासन शाखा प्रमुख | **-सदस्य** |
| (ङ) वातावरण तथा विपत व्यवस्थापन समितिको सचिव | **-सदस्य सचिव** |

(२) समितिको बैठक आवश्यकता अनुसार बस्नेछ ।

(३) अध्यक्षको निर्देशनमा सचिबले बैठक बोलाउने छ ।

(४) समितिको सम्पूर्ण सदस्य संख्याको ५१ प्रतिशत सदस्य उपस्थित भए बैठकको गणपूरक संख्या पुरा भएको मानिने छ ।

(५) बैठकको निर्णय अध्यक्षबाट प्रमाणित हुनेछ ।

१०. **समितिको काम, कर्तब्य र अधिकार :**

(क) विपद व्यवस्थापन कोष संचालन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(१) विपद व्यवस्थापनका लागि आर्थिक श्रोत जुटाउने, कोषको वार्षिक योजना तर्जुमा गरी गाउँ सभामा पेश गर्ने ।

(२) विपद्मा परेको व्यक्ति, परिवार तथा समुदायलाई प्राप्त प्रमाणको आधारमा उपलब्ध गराउने आर्थिक सहायताको निर्णय गर्ने ।

(३) विपद सम्बन्धी चेतनामुलक कार्यक्रम संचालन गर्ने, पीडित परिवारलाई तत्काल राहत उपलब्ध गराउने ।

(४) जोखिमबाट पीडित परिवारका लागि पुनःस्थापनाको व्यवस्था गर्ने ।

(५) योजना तथा बिकासको कार्यक्रममा वातावरणमैत्री बनाउन समन्वय गर्दै जोखिम न्यूनिकरण गर्न प्रयास गर्ने ।

(६) स्थानीय तहका विपद् जोखिम व्यवस्थापन सम्बन्धी योजनाहरुको तर्जुमा र कार्यान्वयन गराउदै विपद् जोखिम व्यवस्थापनलाई संस्थागत गरी विपद उत्थानशील समाजको निर्माण गर्ने ।

११. **विपद व्यवस्थापन तथा प्रभावित पहिचान समिति**

गाउँपालिकाको प्रत्येक वडाहरुमा देहाय बमोजिमको वडा स्तरीय विपद् व्यवस्थापन तथा प्रभावित पहिचान समिति गठन गरिनेछ ।

| | |
|---|---|
| (१) वडा अध्यक्ष | **-संयोजक** |
| (२) वडा सदस्यहरु | **-सदस्य** |
| (३) सम्बन्धीत वडामा रहेको नेपाल प्रहरीको स्थानीय प्रमुख | **-सदस्य** |
| (४) स्वास्थ्य संस्था प्रमुख | **-सदस्य** |
| (५) नेपाल रेडक्रस सोसाईटी शाखा वा उपशाखाको प्रतिनिधि | **-सदस्य** |
| (४) वडा सचिव | **-सदस्य सचिव** |

## परिच्छेद - ४
## आर्थिक तथा प्रशासनीक व्यबस्थापन

**१२. आर्थिक व्यवस्थापन**

(क) कोषको वितिय व्यवस्थापन : कोषमा देहाय बमोजिम रकमहरु रहनेछ ।

(१) गाउँसभाबाट विपद व्यवस्थापन कोषका लागि वार्षिक रुपमा विनियोजन हुने रकम ।

(२) अन्य स्थानिय तहबाट प्राप्त हुने रकम ।

(३) दातृ निकाय, परियोजना, गैर सरकारी संस्थाबाट प्राप्त हुने रकम ।

(४) कोषलाई सेवा शुल्कबाट विभिन्न श्रोतबाट प्राप्त हुने रकम ।

(५) संघीय सरकार, प्रदेश सरकारबाट प्राप्त हुने रकम ।

(६) कोषको रकम नेपाल राष्ट्र बैंकबाट “क” वर्गको इजाजत प्राप्त कुनै पनि बैंकमा छुट्टै खाता खोली कोष जम्मा गरिनेछ । खाता संचालन गाउँपालिकाको प्रमुख प्रशासकिय अधिकृत र गाउँपालिकाको लेखा शाखा प्रमुखबाट संयुक्त दस्तखतबाट हुनेछ ।

(७) कोषको लेखापरिक्षण प्रचलित कानुन बमोजिम हुनेछ ।

**१३. प्रशासनिक व्यवस्था :**

(क) कोषको प्रशासनिक तथा आर्थिक कारोबार प्रचलित कानुन बमोजिम नै संचालन गरिने छ । जुन प्रयोजनका लागि रकम प्राप्त भएको हो सो बाहेक अन्यमा खर्च गर्न पाइने छैन ।

(ख) विपद्को प्रकारहरु:

(१) आगलागी

(२) बाढी पहिरो

(३) भूकम्प

(४) महामारी

(५) सडक दुर्घटना

(६) हात्ती लगायत अन्य वन्यजन्तुबाट हुने विनास

(७) खडेरी र अनिकाल

(८) आधीबेरी

(९) चट्याङ

(ग) अन्य

अनावृष्टि, खण्ड दृष्टि, खोलाको सतह बृद्धि, सर्पदंश, रेवीज रोग आदी

(घ) विपद् व्यवस्थापन कोष संचालन समितिको निर्णयानुसार आपतकालीन उद्धार तथा राहत वितरण निम्नानुसार हुनेछ :

(१) कुनै पनि विपदबाट घर पूर्ण रुपमा क्षति/नष्ट भई विस्थापित हुने अवस्था भएमा बढीमा रु. ३०,०००/- (तीस हजार) सम्म उपलब्ध गराइने ।

(२) प्रकोपबाट कुनै व्यक्तिको अंगभंग भएमा प्रकृती हेरी रु १०,०००/- (दश हजार) सम्म उपलब्ध गराइने ।

(३) विपद्बाट घर/आवास नष्ट भएमा वा खाद्यान्न बाली, पसल व्यवसाय नोक्सानी भए तत्काल गुजाराको लागि प्रकृती हेरी रु. २०,०००।- (वीस हजार) उपलब्ध गराइने ।

(४) कुनै पनि प्रकोपमा परी व्यक्तिको मृत्यु भएमा मृतकको परविारलाई रु. ३५०००।- (पैतीस हजार) तत्काल राहत स्वरुप उपलब्ध गराईने ।

(५) विपद्‌को घटनामा परी घाईते हुनेहरुलाई यस कोष मार्फत सरकारी वा जुनसकै अस्पतालमा उपचार गर्नका लागि रु. १०,०००।- (दश हजार) सम्म उपचार खर्च उपलब्ध गराउने ।

(६) विपद्‌का पिडितहरुलाई पुनस्थापना र पुन:निर्माणका लाीग प्रचलित नीति र नियममा रही स्थानीय सामुदायिक बन र जिल्ला बनसँग सहकार्य गरी सहुलियत दरमा काठ उपलब्ध गराउने ।

(७) विपद्‌मा विशेष परिस्थितिको सिर्जना भएको अवस्थामा थप सहायता उपलब्ध गराउन पर्ने देखिएमा कार्यपालिका र विपद व्यवस्थापन समितिको बैठकले किटानका साथ निर्णय गरेर मात्र राहत दिने ।

(८) दैविक प्रकोपमा उद्धार गर्न तत्काल उद्धार टोलीमा खट्नका लागि आवश्यक्ता अनुसार रु. ५०,०००।- (पचास हजार) सम्म खर्च गर्ने ।

(९) अन्य आवश्यक बिषयमा विपद् व्यवस्थापन कोष संचालन समितिले बैठकबाट निर्णय गर्न सक्ने छ ।

१४. **आवश्यक प्रमाण :** विपद् व्यबस्थापन कोषबाट भुक्तानी लिन सम्बन्धित व्यक्तिले निवेदनका साथमा निम्नानुसारका कागजात संलग्न गर्नु पर्नेछ ।

(१) माङसेबुङ गाउँपालिकाको स्थायी बसोबास भएको हुनु पर्ने र विशेष परिस्थिती भए अन्य स्थानमा वसोवास गर्ने व्यक्तिलाई पनि राहत उपलब्ध गराउन सकिने ।

(२) नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपी ।

(३) विपद्‌मा परेको फोटो ।

(४) प्रहरीको स्थलगत सरजमीन मुचुल्का ।

(५) वडा कार्यालयको सिफारीस ।

## परिच्छेद - ५
## विविध

१५. **सहयोगका लागि आव्हान गर्ने :** (१) विपद्‌का कारण आपतकालिन अवस्था सृजना भई स्थानीय स्रोत, साधन तथा क्षमताले विपद्‌को सामाना गर्न कठिन भएमा गाउँपालिकाले आमसर्वसाधारण, परोपकारी संस्था, उद्योगी व्यबसायी, प्रबुद्ध व्यक्ति, प्रदेश सरकार तथा नेपाल सरकारलाई कोषमा आर्थिक तथा वस्तुगत सहायता उपलब्ध गराउन अनुरोध गर्न सक्नेछ ।

१६. **कार्यक्रम**

गाउँ कार्यपालिका र यस अर्न्तगतका समिति वा उपसमितिबाट विपद सम्बन्धी कार्यक्रम संचालन गर्दा यस कोषबाट मात्र गरिनेछ ।

१७. **जाचँपास तथा फरफारक**

कोषबाट संचालित कार्यक्रमको जाचँपास तथा फरफारक प्रचलित कानुन बमोजिम हुनेछ ।

१८. **संसोधन**

यस कार्यविधिलाई संसोधन गर्न आवश्यक देखिएमा विपद् व्यवस्थापन कोष संचालन समितिको सिफारिसमा कार्यपालिकाले गर्नेछ ।

१९. **खारेजी र बचाउ**

(क) यस कार्यविधिमा व्यवस्था भएका बिषयहरु प्रचलित कानुनसँग बाझिएमा बाझिएको हदसम्म स्वत अमान्य हुनेछ ।

(ख) कुनै कारणवश कोष संचालन हुन नसकेमा कार्यपालिकाले खारेज गर्न सक्नेछ ।

(ग) कोष खारेज भएमा कोषमा रहेको चलअचल सम्पति तथा दायित्व प्रचलित कानुन बमोजिम हुनेछ ।

(घ) विपद् व्यवस्थापन कोष संचालन कार्यविधि, २०७५ खारेज गरिएको छ ।

(ङ) विपद् व्यवस्थापन कोष संचालन कार्यविधि, २०७५ बमोजिम भए गरेका काम कारबाही यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ ।

प्रमाणीकरण मिति : २०७७/०५/१२